नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०७९/१२/२४ गते दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिको बैठक सम्माननीय प्रधानमन्त्री तथा दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिका संयोजक पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको अध्यक्षतामा सम्पन्न भयो। उक्त बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा उक्त समितिका उपसंयोजक, अर्थ मन्त्री, प्रदेशका मुख्यमन्त्रीहरू, नेपाल सरकारका मुख्य सचिव, राष्ट्रिय योजना आयोगका सदस्यहरू, गाँउपालिका राष्ट्रिय महासंघका र नेपाल नगरपालिका संघका अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ नेपालका महनिर्देशक, राष्ट्रिय योजना आयोगका सचिव लगायतले सहभागिता जनाउनुभएको थियो।

सम्माननीयज्यूले दिगो विकास लक्ष्य कार्यान्वयनको सातौं वर्ष पूरा गरी आठौं वर्षमा प्रवेश गरिसकेको र विश्वव्यापी महामारीको रुपमा फैलिरहेको 'कोभिड-१९' र रूस-युक्रेन युद्धले स्वास्थ्य, सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको नकारात्मक प्रभावको सन्दर्भमा सबै तहका सरकारको क्रियाशीलताबाट मात्रै बाँकी अवधिमा दिगो विकासको सफल कार्यान्वयन भई अपेक्षित लक्ष्य प्राप्ति सम्भव हुने भन्दै तीनै तहका सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज र विकास साझेदारलाई सहकार्यका लागि एकजुट हुनु आवश्यक रहेको बताउनुभयो। यसका लागि सरकारले नेतृत्त्वदायी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुका साथै अन्य क्षेत्रहरुले आ-आफ्नो जिम्मेवारी बोध गरी दिगो विकास अनुरुपका नीति तथा कार्यक्रममा सरकारसँग हातेमालो गर्नु जरुरी रहेको कुरा औंल्याउनु भएको थियो। सो अवसरमा सम्माननीयज्यूले दिगो विकास लक्ष्य हासिल गर्नका लागि वित्तीय स्रोतको आवश्यक व्यवस्था तथा प्रविधि, क्षमता विकास जस्ता पक्षहरूलाई महत्व दिनुपर्ने विषयमा जोड दिनुभयो। उक्त बैठकमा माननीय अर्थ मन्त्री डा. प्रकाश शरण महतले स्रोत साधनको उचित परिचालन र सदुपयोगमा जोड दिनुभयो।

दिगो विकास लक्ष्यको कार्यान्वयन अवस्था (संघ, प्रदेश तथा स्थानीय), सूचकहरूको अद्यावधिक गरी स्थानीयकरण, अनुगमन तथा प्रतिवेदन गर्ने विषय साथै आवश्यकता पहिचान, लागत अनुमान एवं वित्तीय रणनीति परिमार्जन गर्ने लगायतका कार्यसूची प्रस्तुत गर्दै राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले दिगो विकास लक्ष्य तथा सूचकहरूलाई योजना, बजेट, मध्यमकालीन खर्च संरचना तथा सरकारका नीति तथा कार्यक्रममा समाहित गरिएको र तिनको कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउने कार्य भईरहेको जानकारी दिनुभयो। साथै राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले दिगो विकास लक्ष्यको प्रगति तथा नेपालले हालसम्म अवलम्बन गरेका कानूनी, नीतिगत तथा संरचनागत पक्षहरूको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो।

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

प्रदेश सरकारका मुख्यमन्त्रीहरूले संविधानको अनुसूची बमोजिमका अधिकार प्रत्यायोजन नभएको, कानून निर्माणमा ढिलाई भएको लगायतका विषयमा प्रकाश पार्नुभयो। राष्ट्रिय योजना आयोगका सदस्य डा. राम कुमार फुँयालले दिगो विकास लक्ष्य-१४ सम्बन्धी सूचकहरू पनि थप गर्नुपर्ने र दिगो विकास लक्ष्यको लागत अनुमान र वित्तीय रणनितिलाई अहिलेको वर्तमान परिवेशमा चाँडो भन्दा चाँडो अद्यावधिक गर्नुपर्ने र खण्डीकृत तथ्य तथ्याङ्कहरूलाई अद्यावधिक गर्नुपर्ने कुरामा जोड दिनुभयो। साथै, आयोगका माननीय सदस्य डा. जय कान्त राउतले गरिबी निवारणमा अन्य देशले अपनाएका सफल रणनीति अवलम्वन गर्नुपर्ने विषयमा प्रकाश पार्नुभयो। नेपाल सरकारका मुख्य सचिव, मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, गाँउपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघका अध्यक्ष र जिल्ला समन्वय समिति महासंघ नेपालका महानिर्देशकले दिगो विकास लक्ष्य प्राप्तिमा रहेका चुनौतीहरूमा विशेष जोड दिदैं आ-आफ्नो मन्तव्य प्रस्तुत गर्नुभयो।

उक्त बैठकमा दिगो विकास लक्ष्यका सबै सूचकहरू प्राप्तिका लागि विशेष ध्यान दिई तथ्याङ्क प्रासिको आधारमा अनुगमन तथा प्रतिवेदन गर्न सम्भव हुने गरी दिगो विकास लक्ष्यका सूचकहरू परिमार्जन गर्ने, सूचकहरूको प्रगतिको अवस्था राष्ट्रिय तथ्यगत प्रणाली (National Data Profile) मा नियमित रूपमा अद्यावधिक गर्ने लगायतका विभिन्न सात वटा निर्णयहरु गरिएको थियो।

मितिः २०७९ चैत्र २४ गते, शुक्रबार

डा. राम कुमार फुँयाल
सदस्य तथा प्रवक्ता
राष्ट्रिय योजना आयोग

फोनः ०१-४२११०३२, ४२११९३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np